# बहुभाषिक शिक्षा र आगामी भर्ना अभियानमा
सरोकारवालाहरूको भूमिका

बालबालिकाहरूलाई गुणस्तरीय तथा व्यावहारिक शिक्षाको शुरूआत आधारभूत शिक्षाको पूर्व प्राथमिक तथा प्राथमिक तहबाट गर्नुपर्दछ। आधारभूत शिक्षालाई अझ बढी समावेसी बनाउन सबै तह र तप्काका बालबालिकाहरूलाई शिक्षामा सहज पहुँच बनाउनु पर्दछ। भाषिक समस्याबाट विद्यालय छाड्ने दरलाई न्यूनिकरण गर्न मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई प्रभावकारी ढङ्गबाट लागू गर्नुपर्दछ। नीतिगत तहमा यी कुरालाई स्विकारिएको पनि छ। विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६ ले सन् २०१५ भित्र ७५०० प्राथमिक विद्यालयहरूमा मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई लागू गर्ने लक्ष्य लिएको छ। बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ पहिलो संस्करण २०६७ प्रकासित भइसकेको अवस्था छ। यसलाई व्यवहारमा प्रभावकारी ढङ्गबाट लागू गर्नको लागि हामी सरोकारवालाहरूको भूमिका र दायित्त्व बढ्न गएको छ। हाम्रो लगानी र ध्यान सामुदायिक विद्यालयहरूको स्तोन्नतिका लागि हुनुपर्दछ।

आगामी शैक्षिक शत्रका लागि भर्ना अभियानमा आधारभूत शिक्षामा माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग गर्ने गराउने कुरामा विशेष जोड दिनुपर्दछ। यसका लागि स्थानीय समुदायलाई जागरूक बनाउने, भाषाहरूको अवस्था र प्रयोगको योजना बनाउने, पाठ्यक्रमको प्रारूप तयार गर्ने, पाठ्यसामग्रीहरू तयार र वितरण गर्ने, शिक्षकलाई तालिम दिने, विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिको कार्य क्षमता र दक्षता बढाउनको लागि व्यापक छलफलकासाथ कार्यक्रम तय गर्नुपर्दछ। जसले गर्दासरोकारवालाहरूको आम सहमती र सहयोग जुटाउन सकिन्छ।

नयाँ शैक्षिक शत्र भर्ना अभियानमा शिक्षा मन्त्रालयले आफ्ना योजनाहरूलाई कार्यान्वयन कस्तो कार्यक्रम ल्याउँछ ? आर्थिक वर्ष २०६८/६९ को बजेटले शिक्षामा कति लगानी गर्छ ? त्यसले पनि हामी सरोकारवालाहरूको भूमिकामा प्रभाव पार्नेछ। शिक्षामा राज्यले लिने लक्ष्य, बनाउने योजना तथा लगानीलाई प्रभावकारी र दिगो बनाउन सबै सरोकारवालाहरूले विशिष्ट भूमिका निभाउनु पर्ने देखिन्छ। यसका लागि राज्यलाई आवश्यक सहयोग, परामर्श तथा रचनात्मक आलोचना गर्न हामी तयार हुनुपर्दछ। एकातिर शिक्षामा अझै पनि राज्यले आवश्यक लगानी र प्रभावकारी अनुगमन गर्न सकेको छैन। अर्कोतिर समुदायले राज्यले गरेको लगानीलाई सदुपयोग गर्न र अपनत्व महसूस गरेको पाईंदैन। फेरि यसलाई कसरी प्रभाकारी र दिगो बनाउने भन्ने सवालमा राज्य पक्ष त्यति गम्भिर भएको पनि देखिदैन। पहुँच र प्रभाव (Approach and influences) हरूले योजना बनाउने, निर्णय गराउने देखि कार्यान्वयन गर्ने तहसम्मका सरोकारवालाहरूलाई आफ्नो पकडमा राखेको पाईन्छ। पहुँच र प्रभाव छैन भने जो कसैको विचार, प्रयास तथा लगानीले कुनै पनि महत्त्व पाउने गरेको छैन। जसले गर्दा एकातिर राम्रा सरोकारवालाहरूले सहयोग, प्रोत्साहन र मौका पाउन सकेका छैनन्। फेरि अर्कोतिर संघर्ष गर्ने भन्दा पलायन हुने संस्कृतिको विकास भएको छ। जसको पछिल्लो उदाहरण अर्थ सचिव रामेश्वर खनालको राजिनामालाई लिन सकिन्छ। यसले गर्दा देशमा सही परिपाटीको विकास हुन सकेको छैन। यी सबै हुनुको कारण हामीले अपनाएको शैक्षिक पद्धति मुख्य जिम्मेवार देखिन्छ। हालको शिक्षाले हामीलाई संघर्ष गर्नमा डराउने र जिम्मेवारबाट पन्छिन सिकाएको छ। ठीक र बेठीक बीचको अन्तर हामीले छुट्ट्याउन सकेका छैनौं। केहि अनुचित प्रभाव, डर र त्रासको आधारमा आफ्ना धारणाहरू बनाउने गरेका छौं। ठीक समयमा ठीक निर्णयहरू गर्न सकेका छैनौं। कुरा एउटा गर्ने काम अर्को गर्ने बानीको विकास भएको छ। अनि हतारमा निर्णयहरू गर्ने र फुर्सतमा पछुताउने भएका छौं।

यसैले आगामी शैक्षिक शत्रदेखि विगतमा हामीले गरेका कमिकमजोरीहरूलाई सुधार गर्दै असल नागरिक बनाउने खालको एकल शैक्षिक पद्धति अपनाउन, ठीक निर्णयहरू गर्न र त्यसलाई योजनाबद्ध तरिकाबाट लागू गर्न हामी सबै सरोकारवालाहरू तयार हुनुपर्दछ। यसका लागि शिक्षा विभागले कुशल अभिभावकको भूमिका निभाउन सक्षम र दक्ष हुनु पनि पर्दछ। साथै आफ्ना संयन्त्रहरूलाई प्रभावकारी तरिकाबाट काम लगाउन र त्यसको अनुगमन ठीक ढङ्गबाट गर्न सक्नुपर्दछ।

विद्यालय शिक्षा क्षेत्र सुधार योजना र बहुभाषिक शिक्षा निर्देशिकाले आधारभूत तहको शुरूका कक्षाहरूमा मातृभाषाको माध्यमबाट पठन पाठन गर्न गराउन सकिने व्यवस्था गरेको छ। तर पूर्व प्राथमिक तह तथा त्यो भन्दा माथिका कक्षाहरूमा भाषाहरूको अवस्था के हुने, र कुन अधारमा भाषाहरूको प्रयोग गर्ने सोको योजनाको बारेमा मौन छ। मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यक्रमको मूल उद्देश्य प्रत्येक बालाबालिकाहरूले आफ्नो मातृभाषाको माध्यमबाट शिक्षा शुरू गर्दै बिस्तारै नेपाली तथा अङ्ग्रेजी भाषाको माध्यमबाट पढ्न सक्ने बनाउनका लागि बलियो जग र धारणाको विकास गराउनुको साथै जीवनपर्यन्त सिकारू बनाउनु र मातृभाषाहरूको संरक्षण र विकासबाट उनीहरूको संस्कृतिको जगेर्ना गर्नु हो।

यहाँ एउटा ठूलो चुनौति शिक्षा क्षेत्रमा नीजि विद्यालयहरूको लगानी बढ्दै गएको छ। जसले गर्दा सरकारी विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या घट्दै गएको छ। अभिभावकहरूले सरकारी विद्यालयमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि राम्रो छैन भन्ने अवधारणा बनाएका छन्। यस्तो खालको वातावरण र विश्वासका बीच मातृभाषामा आधारित बहुभाषिक शिक्षा लागू गर्नु गराउनु ज्यादै नै चुनौतिपूर्ण कार्य हो। साथै राज्यको तहबाट पनि अप्रत्यक्ष रूपमा नीजि विद्यालयलाई प्रोत्साहन र सहयोग गर्ने किसिमको काम गरेको देखिन्छ। सबै नीजि विद्यालयहरूले चैतमा नै भर्ना अभियान चलाइरहेको बेलामा हामी सरकारी विद्यालयहरू बन्द गरेर बसेका छौं। यसले नीजि विद्यालयमा विद्यार्थीहरूको पर्याप्त सङ्ख्या पुऱ्याउन ठूलो देन पुगेको छ। जसले शिक्षामा कालो बजारले प्रश्रय पाएको समाचार पत्र-पत्रिकाहरूले प्रमुखता दिएर छापेका छन। यसले पनि राज्य पक्षलाई सचेत बनाउन सकेको छैन। यो ज्यादै दुःख लाग्दो अवस्थामा पनि शिक्षा मन्त्रालय र यसका मातहतका निकायहरूले समयमै आवश्यक तदारूकता नदेखाउनुलाई कसरी लिने पाठकहरूको हातमा छोड्न चाहन्छु।



पुष्कर कडेल, कार्यक्रम निर्देशक
भाषा विकास केन्द्र नेपाल
Website: http://ldcnepal.org/

२५ चैत २०६७
इमेलः pushker.kadel@gmail.com